नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- ३४९

मिति: २०७५/१२/१४

विषयः देशलाई खुल्ला दिशा मुक्त गर्ने कार्यका लागि आवश्यक सहयोग र सहजिकरण गर्ने सम्बन्धमा ।

श्री स्थानीय तहहरु,
(सबै)

उपरोक्त सम्बन्धमा नेपाल सरकारको **"सरसफाई गुरुयोजना, २०६८"** तथा उक्त गुरुयोजनाको कार्यान्वयन मार्फत देशमा खुल्ला दिशा मुक्त अवस्था हासिल गर्ने कार्य द्रुततर रुपमा अगाडी बढेको यथार्थ विदितै छ । यस गुरुयोजनाले सन् २०१७ भित्र देशलाई ODF बनाइसक्ने लक्ष्य लिइएकोमा विभिन्न कारणले तोकिएको समयसिमा भित्र उक्त लक्ष्य हासिल गर्न नसकिएता पनि हाल ६३ जिल्ला ODF घोषित भईसकेको तथा घोषणा हुन बाँकी जिल्लाहरुमा पनि औसत ९७% घरधुरीमा चर्पीको पहुँच पुगिसकेको हुँदा अबको सानो प्रयासले पनि सहजै लक्ष्य हासिल हुन सक्ने अवस्था रहेको हुँदा ODF घोषणा हुन बाँकी जिल्लाहरुलाई समेत आगामी असार महिनाको समय सीमा अगावै ODF घोषणा गरी समग्र देशलाई नै यसै आ.व. भित्र ODF घोषणा गर्ने कार्यमा आवश्यक सहयोग र सहजिकरण गरिदिने अनुरोधका साथ राष्ट्रिय सरसफाई तथा स्वच्छता समन्वय समितिको प.सं. २०७५/०७६ च.नं. ३८, मिति २०७५/१२/०३ को पत्रको छायाँप्रति यसै साथ संलग्न गरी प्रेषित गरिएको छ । अतः उक्त कार्यमा आवश्यक सहयोग र सहजिकरण गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय सरसफाई तथा स्वच्छता समन्वय समिति, सिंहदरबार, काठमाण्डौं ।
श्री खानेपानी तथा ढल व्यवस्थापन विभाग, पानीपोखरी, काठमाण्डौं ।
श्री जिल्ला समन्वय समिती (सबै, आवश्यक समन्वय तथा सहजिकरणका लागि)
श्री सूचना तथा प्रविधि शाखाः यसै बमोजिमको पत्र वेभ साईटमा राखिदिन हुन ।

१।८१।०७५ २१। ८०
०७५।१२।१२

नेपाल सरकार
# खानेपानी मन्त्रालय

फोन नं.: ४२११६९३
फ्याक्स : ९७७-१-४२११५३३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७५/७६
चलानी नं.:- ३८

मिति:२०७५।१२।३

दर्ता नं.:- १५८३६
मिति:- ०७५।१२।१८

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरवार ।
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।
श्री गृह मन्त्रालय, सिंहदरवार ।
श्री स्वास्थ्य मन्त्रालय, सिंहदरवार ।
श्री शिक्षा मन्त्रालय, सिंहदरवार ।
श्री महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, सिंहदरवार ।

**विषयःदेशलाइ खुला दिसा मुक्त गर्ने कार्यको लागि मातहतको निकायमा आवश्यक निर्देशन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६८।०४।१९ को निर्णयले स्वीकृत सरसफाइ गुरुयोजना २०६८ लाई माननीय राष्ट्रपतिज्यूबाट मिति २०६८।०६।१२ मा लोकार्पण गरी नेपाल सरकार, विकास साझेदार, स्थानीय सरकार एवं समूदायको सहकार्यमा उक्त गुरुयोजनाको कार्यान्वयन मार्फत देशमा खुला दिसा मुक्त (ODF) अवस्था हासिल गर्ने कार्य दुर्ततर रुपमा अघि बढेको कुरा विदितै छ ।

सरसफाइ गुरुयोजनाले सवै नेपालीको घरमा चर्पीको सुविधा सुनिश्चित गरी सन् २०१७ भित्र देशलाइ ODF लक्ष्य लिएकोमा विनाशकारी भुकम्प र बाढीपहिरोको वावजुद उक्त समय सम्म औसत ९५ % घरधुरीमा चर्पीको पहुँच रहकोमा हाल औसत करिव ९९% घरधुरीमा चर्पीको सुविधा पुग्न सकेको तथा ६३ जिल्ला ODF घोषीत भएको कुरा सहर्ष जानकारी गराउँदछौ । ODF घोषणा गर्न वाँकी जिल्लाहरुमा औसत ९७%  घरधुरीमा चर्पीको पहुँच रहेकोले अवको हाम्रो सानो प्रयासले पनि वाँकी जिल्लाहरुले सहजै ODF को अवस्था हासिल गर्ने देखिन्छ ।

हालसम्म सरसफाइका क्षेत्रमा भएका प्रयासबाट सरसफाइ सुविधा र स्वस्थकर वानिव्यहोराको विस्तारसँगै हालका वर्षहरुमा झाडापखालाजन्य रोगव्याधीमा उल्लेख्य कमी आउन सकेको छ । स्वास्थ्य, प्रतिष्ठा र विकासको मुल नाराका साथ देशमा संचालित सरसफाइको महान राष्ट्रिय अभियानमा जिम्मेवार, दत्तचित्त,  प्रतिवद्ध र क्रियाशिल भई सरसफाइ मार्फत देशको चिनारी र हैसियत उँचो राख्न उल्लेख्य योग्दान दिनुभएकोमा सम्मपुर्ण सरोकारवाला निकायलाई राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति हार्दिक आभार व्यक्त गर्दछ ।

राष्ट्रिय निति र योजना एवं राज्यद्धारा विभिन्न क्षेत्रीय तथा अन्तराष्ट्रिय मंचहरुमा समय समयमा व्यक्त प्रतिवद्धताहरुको मर्म अनुरुप देशलाई यसै आ.व. भित्र ODF घोषणा गर्ने कार्यमा हातेमालो गर्नु हामी सवैको सामूहिक कर्तब्य हो । तसर्थ ODF घोषणा हुन वाँकी रहेका जिल्लाहरुलाई आगामी असार महिनाको समयसिमा अगावै घोषणा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्नका लागि आफु मातहतका सम्बन्धित निकायहरुमा पत्राचार गरी आवश्यक निर्देशन दिनुहुन राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति हार्दिक अनुरोध गर्दछ ।

(मनोज घिमिरे)
अध्यक्ष, राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति
(सह-सचिव, खानेपानी मन्त्रालय)

**बोधार्थ :**
श्री खानेपानी तथा ढल व्यवस्थापन विभाग, पानीपोखरी।